# बैखी माछा जाडोमा बचाउन चुनौति



नवलपरासी (बुटवल टुडे), १७ पुस- जिल्लाको एकवा मत्स्य रिजर्च प्रालि प्रतापपुर-१ ले नयाँ प्रविधिको जडान गरी माछा जोगाउन सफल भएपनि जाडोबाट माछा जोगाउन चुनौती भएको छ। गर्मीयाममा सो प्रविधिले काम गरे पनि जाडो महिनामा पानी झन चिसो बनाइँदिदा माछा बचाउनु चुनौती बनेको सो प्रालिका सञ्चालकले बताएका हुन्।

गर्मीमा पानीमा अक्सिजन मिसाउने मेसिन(ब्लोअर) जडान गरी माछा पोखरीलाई सुरक्षित गरिएको बताउँदै आएका उक्त प्रालिका सञ्चालक किसान भवानी प्रसाद यादवले एक साताको जाडोले दुई टन (२ हजार केजी) माछा मरेको देखाए। "यसरी एक साताको जाडोले ६ लाख बराबरको माछा गाड्न पर्‍यो", उनले भने, "ब्लोअरले पोखरीको पानी चिसो गराउन सहयोग गर्छ, अक्सिनज तँ प्रवाह हुन्छ, तर पानी झन चिसो भई हाल्दो रहेछ।" जसले बोसोयुक्त रहेको पँगास (बैखी) माछा धमाधम मर्न थाल्छन्। यसबारे पनि अब अगामी दिनमा अनुसन्धान गर्न आवश्यक देखिएको उनले सुनाए।

पोखरीमा इरेटर चलायो भने वायूमण्डलको चिसो पानीमा झन प्रवाह हुने र मिसिने हुँदा पानीमा चिसोपना बढ्ने हुन्छ। "गहिरो पानीमा अक्सिजन र प्रकाशको समस्या हुन्छ", उनले भने,"तर पानीमा अक्सिजन र प्रकाशका वैकल्पिक ब्यवस्थापन गर्न सकिन्छ।" तर कम गहिरो पोखरीको तापक्रम वृद्धि भयो भन्ने तापमान नियन्त्रण गर्न जटिल छ। त्यसको एउटा मात्र विकल्प पोखरी गहिरो हुनु पर्छ। यसले कम जग्गामा गहिराई वृद्धि गरी आयतन वृद्धि हुन्छ।

१८ फिट गहिरो पोखरी निर्माण गरिएको जनाउँदै उनले यसले माछाका लागि सुरक्षित बासस्थान बनेको बताए। तर अक्सिजन र प्रकाशको थप ब्यवस्थापन गर्न आवश्यक हुन्छ। अक्सिजन र प्रकाशको व्यवस्थापनमा यो ब्लोअर वरदान बनेको उनको भनाइ छ। पोखरीमा अहिले नयाँ नयाँ प्रविधि एरिएटर, फाउन्टेन एरिएटर समेत जडान गरिएको उनले देखाए। सरकारले यी नयाँ प्रविधिमा माछा कृषकलाई सहयोग गर्न अनुरोध गर्दै भने,"सरकारी अनुसन्धान फितलो नै छ, अनुदान सहयोग पनि परम्परागत नै छ। यसले भारतिय माछासँग प्रतिस्पर्धा गर्न नेपाली किसानलाई चुनौती नै भएको जनाए।"

गत वर्षको अनुभव संगाल्दै व्यवस्थित गरी माछापालन क्षेत्रफल बिस्तार गरेको उनले जानकारी गराएका थिए। उन्नत प्रजातिका माछाले राम्रो आम्दनी गर्न सक्ने अघिल्लो वर्षको सिकाईले अहिले माछा क्षेत्रफल १६ विघामा विस्तार गर्दै पोखरीका लागि आवश्यक व्यवस्थित पूर्वाधार थपेको छ। गत वर्ष प्रति कठ्ठा पँगास माछा(बैखी) २० टन उत्पादन भयो। अहिले अझै प्रविधि र वैज्ञानिक विधि अपनाइएको छ। नेपालमा भारतको आन्द्र प्रदेशबाट बैखी(पँगास) माछाको माग बढी हुने हुँदा सो माछा नेपालमै उत्पादन गरी नेपाली बजारमा आपूर्ति गर्ने गरी कृषक यादव परीक्षण स्वरूप बैखी माछाको पालन सुरु गरेका थिए।

"नेपालमा यस्तो माछाको उत्पादन गर्न कठिन छ भन्ने गर्थे", उनले आफ्नो अनुभव सुनाउदै भने,"तर गरे पछि नेपालमा पनि सहजै उत्पादन गर्न पनि सकिदो रहेछ। तर माछाको बजारमा केही माछा ब्यापारीको एकाधिार हुँदा बजारको समस्याले यहाँका कृषि प्राविधिकहरूले माछा किसानलाई पँगास माछाका लागि प्रायः सिफारिस नगर्ने गरेका छन्। समस्या उत्पादनको छैन्, बजारको पनि छैन, समस्या बजारमा एकाधिकारको छ।"

पंगास माछा अन्य माछा जस्तै थोरै थोरै मारेर (हार्वेस्ट) गरेर बिक्री गर्न सजिलो छैन। एकै पटक पोखरी भरिकै माछा मार्नुपर्छ, किनभने ती माछा बढी संवेदनशील हुन्छन्। पोखरीको एक दुई माछा मारियो भने बचेका माछा दाना नै नखाने हुँदा तौल घटेर उत्पादन जोखिम हुने गरेको सुनाए। त्यसैले ठूलो माछाको माछा एकैपटक खपत गर्नका लागि ठूलो बजार चाहिन्छ। त्यो बजार भने काठमाडौं, पोखरा, नारायणघाट जस्ता बजार हुन्। तर त्यहाँ भारतबाट तस्करी गरी ल्याइने माछाको हालीमुहाली हुँदा नेपाली किसानले उत्पादन गरेको माछाले प्रवेश नै नपाउने अवस्था छ।

गत वर्ष पनि नेपालका किसानले उत्पादन गरेका माछा विभिन्न क्षेत्रबाट दबाब हुन थालेपछि खरिद गर्न उनीहरू बाध्य भएका थिए। कालीमाटीमा मात्रै दैनिक २५ मेट्रिक टन माछा खपत हुन्छ, त्यसको ७० प्रतिशत औपचारिक माछा पैठारी भारतबाट हुन्छ, अनौपचारिक तस्करीको माछाको त तथ्यांक नै छैन। यादवका अनुसार भारतको आन्द्र प्रदेशबाट प्रति केजी ५५ रुपियाँमा माछा ल्याएर नेपाली बजारमा भारतीय माछा छ्यापछ्याप्ती बनाइने र नेपाली किसानले पोखरीमा माछालाई दाना खुवाउँदै बस्ने अवस्था विद्यमान छ।

प्रति केजी ५५ (भारु) अर्थात् ८८ रुपियाँको माछा नेपालमा भित्रिँदा प्रति केजी दुई सय भन्दा बढी मूल्यमा बिक्री हुने गर्छ। यसले गर्दा अहिले पनि भारतबाट कालीमाटी बजारमा मात्रै दैनिक ५० लाखको माछा खपत हुने गरेको छ। जसमा माछा व्यवसायीलाई दैनिक २८ लाख नाफा हुने अवस्था छ, त्यही भएर माछा ब्यवसायीहरूले भारतीय नेपाली किसानको माछा भन्दा भारतीय माछालाई प्राथमिकता दिने गरेका छन्। तर भारतबाट आउने माछा तीन महिनासम्मको बासी माछा र केही रसायनबाट संरक्षित गरेर आउने माछा आम उपभोक्ताका लागि अस्वथकर रहेको छ।

## समावेशी लोकतन्त्र कमजोर पार्ने अभ्यासप्रति आपत्ति


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)
गम्भीर ध्यानाकर्षण
समावेशी लोकतन्त्र कमजोर पार्ने राजनैतिक अभ्यास प्रति गम्भीर आपत्ति

लमही (बुटवल टुडे), १७ पुस- हाल सार्वजनिक भएका विभिन्न राजनीतिक दलका समानुपातिक सांसद सिफारिस सूचीहरू प्रति अधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूले गम्भीर आपत्ति जनाएका छन। ओरेक नेपालले एक बिज्ञप्ति जारी गरि असन्तुष्ट प्रकट गरेको समावेशी लोकतन्त्रको मर्म विपरीत शक्ति केन्द्रसँग नजिक रहेका, पहिले नै नेतृत्व तहमा प्रतिनिधित्व पाएका तथा सत्ता पहुँच भएका व्यक्तिहरूलाई प्राथमिकता दिइएको भन्दै उनीहरूले सूची तत्काल सच्याउन माग गरेका हुन्।

वक्ताहरूका अनुसार समानुपातिक प्रणालीको मूल उद्देश्य ऐतिहासिक रूपमा वञ्चित, पिछडिएका, महिला, दलित, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय लगायतको प्रतिनिधित्व सुनिश्चित गर्नु हो। तर, विभिन्न दलले सार्वजनिक गरेका सूचीहरूले "जसरी पनि सत्तामा पुग्ने मानसिकता" र "अस्वस्थ प्रतिस्पर्धा" लाई संस्थागत गरिरहेको आरोप लगाइएको छ।

"लोकतन्त्रको आधार नै न्यायोचित र समावेशी प्रतिनिधित्व हो। सार्वजनिक भएका सूचीहरूले त्यसको मर्ममाथि गम्भीर आघात पुऱ्याएका छन्," वक्तव्यमा भनिएको छ। उनीहरूका अनुसार समानुपातिक प्रणालीलाई सत्ताका निकट र पहिले नै प्रतिनिधित्व पाइसकेकाहरूको पुनः प्रवेशद्वार बनाउने अभ्यास स्वीकार्य छैन। यस्तै, समानुपातिक समावेशी सिद्धान्तलाई प्रत्यक्ष निर्वाचनतर्फ पनि लागू गर्दै प्रत्यक्षतर्फ ५० प्रतिशत महिलाको उम्मेदवारी सुनिश्चित गर्न सम्बन्धित राजनीतिक दलहरूलाई आग्रह गरिएको छ।

## जाँचबुझ आयोगले ओलीलाई पत्राचार गर्ने



काठमाडौं, १७ पुस । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसँग सम्बन्धित विषयमा जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानका लागि पत्राचार गर्नेभएको छ । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले बिहीबार सञ्चारकर्मीको प्रश्नको जवाफमा तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिने काम सम्पन्न भएसँगै अब तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउन पत्राचार गर्न लागेको स्पष्ट पारे।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री ओलीले सो आयोगको कानुनी हैसियत र स्वच्छतामा प्रश्न उठाउँदै बयान दिन आयोगमा नजाने पक्षमा आफ्नो भनाइ सार्वजनिक गरिरहेको अवस्थामा आयोगले पत्राचार गरेको हो।

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**सूचना प्रकाशित मितिः२०८२/०९/१८**

लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक नगरपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लुम्बिनी सांस्कृतिक नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>लुम्बिनी, रूपन्देही<br>लुम्बिनी प्रदेश |
| प्रस्तावको व्यहोरा | लुम्बिनी प्रदेश रूपन्देही जिल्लाको लुम्बिनी सांस्कृतिक नगरपालिका अन्तर्गत पर्ने लम्टिहवा घाट, अर्दौली घाट र अमहवा घाटबाट दिगो तथा वातावरणमैत्री रूपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन् गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | रूपन्देही जिल्ला/ लुम्बिनी सांस्कृतिक नगरपालिका |

माथि उल्लिखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक तथा साँस्कृतिक प्रणाली र आर्थिक प्रणालिहरूमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदन तयारीको प्रस्तावित कार्यबाट प्रभावित हुने स्थानीय तहका प्रतिनिधिहरू समेतलाई सहभागी गराई सार्बजनिक सुनुवाई गर्नुपर्ने भएकोले यस प्रस्तावसंग सरोकार राख्ने सरोकारवालाहरूलाई निम्न स्थान, मिती समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

| | | |
|---|---|---|
| **सार्बजनिक सुनुवाई हुने मिती, स्थान र समय** | स्थानः वडा नं २ को कार्यालय (लम्टिहवा घाट र अर्दौली घाट)<br>मितीः२०८२/०९/२१<br>समयः बिहानको ११ बजे | स्थानः अमहवा घाट वडा नं १२<br>मितीः२०८२/०९/२१<br>समयः दिउसोको २ बजे |

## मदाने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पुर्कोट दह, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्रको आशयपत्र सुचना

**सुचना प्रकाशित मितिः २०८२/०९/१८**

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपसिल तालिका अन्तर्गतका कार्य गर्नको लागि विभिन्न मितिमा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभुतरूपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित वोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| S. No | Contract ID. | Description of Work | Construction Company | Bid Amount |
|---|---|---|---|---|
| 1. | OMDRM-GUL-W-NCB-10-2082/83 | Thaadhunga Dada Bash Dada Sadak Upgrading | Sajhedari Suppliers | 1262253.17 |
| 2. | OMDRM-GUL-W-NCB-11-2082/83 | Upgrading Of Purkotdaha Nawera Thulabhir Road | Anmol Nirman Sewa Pvt. Ltd. | 1242263.83 |
| 3. | OMDRM-GUL-W-NCB-13-2082/83 | Upgrading Of Piplarukha To Bashpata and Kalle Road | Biju Nirman Sewa Pvt. Ltd. | 1497141.46 |
| 4. | OMDRM-GUL-W-NCB-14-2082/83 | Construction Of Piplarukhaghat Protection Tatha Ghat to Malikathana Deurali Paidal Margha | Biju Nirman Sewa Pvt. Ltd. | 1661736.43 |

**Act. Chief Administrative Officer**

## बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रामपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**सुचना प्रकाशित मितिः २०८२/०९।१८**

यस कार्यालयको मिति मिति : २०८२/०६/२६ गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम बैजनाथ गाउँपालिकाका आ. व. २०८२/८३ मा सार्वजनिक निर्माण कार्य गर्नको लागि प्रकाशित सुचना अनुसार उल्लेखित मिति भित्र दर्ता हुन आएका बोलपत्रहरूको मुल्यांकन हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरूको बोलपत्रहरू स्वीकृत गर्ने आशयको ७ दिने सुचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का न. | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 1. | Project Name:Construction Of BlackTopped Road Work From Bhatti Tole Jhulunga Pool Dekhi Rara Basti Janajagaran Aa.Vi Hudai Aarakshya Hudai Ward-01 Office Jodne Bato,Baijanath-01, Banke Contract Id No: BRM/NCB/WORKS/06-2082/083 | Khusi Builder, Baijanath-05, Banke | 13521007 (अक्षरुपी एक करोड पैतीस लाख एकाइस हजार सात रुपैंया मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Maharajganj Municipality
## Office of Municipal Executive
**Maharajganj, Kapilvastu**
**Lumbini Province, Nepal**

## Notice for the Letter of Intend(LoI)

**First date of publication: 18th of Poush, 2082 (2nd of Jan. 2026)**

This is to notify to all concerned bidders that, it is our intention to award the below mentioned contract to the following substantially responsive lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially Responsive Bids is selected in accordance with ITB 33.1 of bidding document and this notice is published as per PPA 2063 clause 27.2 & 27.3

| S no. | Name Of Contract | Contract Identification No. | Substantially Responsive Loweast Evaluated Bidders | Bid Amount including VAT & PS(Nrs.) |
|---|---|---|---|---|
| 1 | Santinagar Dhekhi Sivbhari Culvert Samma Sadak Stharunnati Yojana | 6-MM/KPIL/RD/Works/082/083 | ": Jay-Rajan Joint Venture. yashodhara-5 mudila, Kapilbastu, Baidauli, Nepal" | 17134568.75 |

**Chief Administrative officer**

## इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भानुपथ, इलाम, कोशी प्रदेश, नेपाल**

## विद्युतिय बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८२/०९/१८**

इलाम नगरपालिका अन्तर्गत निम्न निर्माण कार्यको लागी मिति २०८२/०६/१२ मा बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचना, www.bolpatra.gov.np/egp र इलाम नगरपालिकाको आधिकारिक वेभ साइट www.ilammun.gov.np अनुसार मिति २०८२/०७/२९ गते दिनको १२:०० बजे भित्रमा विद्युतीय माध्यम मार्फत दर्ता भएका जम्मा ८ वटा विद्युतिय बोलपत्रहरूको प्राविधिक मुल्याङ्कन सम्पन्न भइ प्राविधिक मुल्याङ्कनमा सफल ७ बोलपत्रहरूको आर्थिक पक्षको यस कार्यालयको बोलपत्र मुल्यांकन समितिले गरेको मुल्यांकन तथा सो को प्रतिवेदन अनुसार तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युन मुल्यांकित, सारभुत रूपमा प्रभावग्राही बोलपत्र भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। मिति २०८२/०९/२४ भित्रमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ बमोजिमको निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा उल्लेखित बोलपत्रदाता मार्फत आगामी खरिद प्रकृया अगाडि बढाइने व्यहोरा समेत अनुरोध छ।

**निम्न**

| निर्माण कार्यको नाम र ठेक्का नं. | ल.ई. रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | न्युन मुल्यांकित सारभुतरूपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु.(पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | ल.ई. भन्दा घटी रकम रु.(पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) तथा प्रतिशत | बोधार्थ (कबोल रकम पि.एस., भ्याट तथा गुणन करेक्शन सहित रकम रु.) |
|---|---|---|---|---|---|
| Upgradation and Improvement of Ratna Chowk- Intake-Sangrumba Road (Intake-Sangrumba Section) Ilam Muicipality Ward no 12, IFB no: imoilam/ncb/work/10-2082/83 | ७,५६,२४,१२३/६७ | कञ्चनजंघा/इन्द्रजित जे.भी., इ.न.पा. ०७, इलाम (आ.प्र. सुजाता गुरुङ) | ५,२८,२०,००२/२७ | २,२८,०४,१२१/४० (३०.१५ प्रतिशत) | क) जय शम्भु/कार्कि जे=भी=, इलाम, कबोल अंक रु : ५,३३,६६,२९४/१० (पहिलो क्रम)<br>ख) बौद्ध/राजलवट जे=भी=, इलाम, कबोल अंक रु : ५,३९,३०,६३१/८६ (दोश्रो क्रम)<br>ग) शंकर त्रिशक्ति निर्माण सेवा, इलाम, कबोल अंक रु : ५,४१,८६,६७४/१० (तेश्रो क्रम) |

**प्रमुख प्रशासकिय अधिकृत**